स्थानीय सरकार
# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८२/८३

गण्डकी प्रदेश, नेपाल

मितिः २०८३।०१।२८

**सडक सीमाभित्रका अवरोधहरू हटाउने सम्बन्धी सूचना।**

यस कालीगण्डकी गाउँपालिका क्षेत्रभित्र मुख्य तथा सहायक सडक खण्डहरुमा गरिएका अनुगमनका क्रममा सडक सीमाभित्र निर्माण सामग्री (ढुङ्गा, बालुवा, गिटी), दाउरा, काठपात जथाभावी राखिएको, नालीमा फोहोर फालिएको र पुराना वा बिग्रेका सवारी साधनहरू सडकमै पार्किङ गरी राखिएको पाइएको हुँदा, यस्ता क्रियाकलापले सडकको चौडाइ साँगुरो भई आवागमनमा बाधा पुग्ने मात्र नभई गम्भीर सडक दुर्घटनाको जोखिम समेत बढाएको छ। यस विषयलाई मध्यनजर गरी त्यस्ता सामग्री यथाशिघ्र व्यवस्थापन गर्न सम्बन्धित सबैमा यो सूचना गरिएको छ।

अन्यथा, गाउँपालिकाले प्रचलित कानून बमोजिम त्यस्ता सामग्रीहरू हटाउने र हटाउँदा लाग्ने शुल्क सम्बन्धित व्यक्ति, संस्था वा निकायसँग असुलउपर गरी नियमानुसार कारबाही प्रक्रिया अगाडि बढाउने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

८३।०१।२८

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np